मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

# कार्यपालिकाको ५४ औं वैठकका निर्णयहरु

**निर्णय नं. १.**

कार्यपालिकाको अघिल्लो ५३ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो। वैठकका निर्णय कार्यान्वयन सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २.**

आगामी २०७८ पुस २८ गते हुने दशौं नगरसभा ऐतिहासिक र व्यवस्थित बनाउन आवश्यक तयारीका लागि नगरपालिकालाई निर्देशन दिने ।

**निर्णय नं. ३.**

मन्थली नगरपालिकाको संगठन व्यवस्थापनको प्रस्तावित ढाँचा परिमार्जन सहित पारित गरी आगामी नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ४.**

परामर्शदाताले तयार पारी कार्यपालिकामा पेश गरेको मन्थली नगरपालिकाको आवधिक नगर विकास योजनामा वैठकमा आएका सुझाव समेटी नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ५.**

संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लेखित मन्थली नगरपालिकाको प्रशासनिक संरचनाको ढाँचा अनुसार नगर कार्यपालिका (कार्य विभाजन) नियमावली २०७४ शंसोधन गर्ने ।

**निर्णय नं. ६.**

मन्थली नगरपालिकाको मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि २०७८ पारित गर्ने ।

**निर्णय नं. ७.**

मन्थली नगरपालिका भित्रका बालविकास केन्द्रमा कार्यरत बालविकास सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीहरुका लागि विनियोजित वजेटबाट २०७८ असार मसान्तसम्मको तलव भत्ता छुट्याउदा सो शिर्षकमा विनियोजित रकम मध्ये २६,१९,५००। रकम संचित हुने अवस्था रहेको, मन्थली नगरपालिकामा सञ्चालित माध्यामिक तहका

पौडेल
प्रमुख प्रशासकीय अधिकृत

विद्यालयहरुमा प्रति विद्यालय कम्तिमा ३ वटा माध्यामिक तहका दरबन्दी पुर्याउन १० वटा कोटा थप्नु पर्ने अवस्था रहेको र अधिकाँस विद्यालयमा अङ्ग्रेजी/विज्ञान/गणित विषयका शिक्षक अभाव रहेकाले अङ्ग्रेजी/विज्ञान/गणित विषयका १० ओटा माध्यामिक तहका शिक्षण स्वयमसेवक कोटा सिर्जना गरी उक्त कोटाको लागि थप आर्थिक दायित्व उक्त सञ्चित रकमबाट व्यहोर्ने गरी रकमान्तर गर्ने प्रस्ताव आगामी नगरसभामा लैजाने ।

निर्णय नं. ८.

मन्थली नगरपालिकाबाट मस्यौदा तयार भई विधेयक तथा विधायन समितिबाट परिमार्जन सहित प्राप्त देहायका विधेयकहरु नगरसभामा पेश गर्ने ।

क) नगर प्रहरी विधेयक २०७८

ख) आन्तरिक लेखा परीक्षण कार्यविधि विधेयक २०७८

ग) वैदेशिक रोजगारीबाट फर्किएका नागरिकका लागि कृषि व्यवसाय सञ्चालन अनुदान कार्यविधि विधेयक २०७८

घ) नगरपालिकाका केहीं ऐन शंसोधन विधेयक २०७८

निर्णय नं. ९.

नवौं नगरसभाबाट पारित योजनाहरु शंसोधनका लागि वडा समितिको वैठकको निर्णय सहित प्राप्त योजना पूजिगत योजना चालुतर्फ शंसोधन नहुने गरी शंसोधनका लागि नगरसभामा पेश गर्ने ।

निर्णय नं. १०.

मन्थली नगरपालिकामा कार्यरत विभिन्न् तहका नगर प्रहरीहरुको तलव स्केल नेपाल प्रहरीको प्रचलित तलव स्केल अनुसार कायम गर्न नगरसभामा पेश गर्ने ।

निर्णय नं. ११.

मन्थली नगरपालिका अन्तर्गत कार्यरत सवै सेवा करारका कर्मचारीहरुलाई संघीय वजेट वक्तव्यमा उल्लेख भए अनुसारको सम्वन्धित तहको वढ तलव नपाएका मन्थली नगरपालिकामा कार्यरत सेवा करारका कर्मचारीहरु मध्ये संघीय/प्रदेश सशर्त वजेटमा पारिश्रमिक तोकिएका कर्मचारीहरुलाई सोही अनुसार र सो वाहेकका अन्य कर्मचारीहरुलाई नेपाल सरकार अर्थ मन्त्रालय वजेट तथा कार्यक्रम महाशाखाको मिति २०७८/०४/२७ च.नं. ३६ को नयाँ तलवमान सम्वन्धी पत्र

बमोजिम सम्बन्धित पद/तहको शुरु तलव स्केल बमोजिमको पारिश्रमिक उपलब्ध गराउन नगरपालिकालाई निर्देशन दिने ।

निर्णय नं. १२.

स्थानीय तहमा ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माणका लागि जिल्ला ज्येष्ठ नागरिक संघ रामेछापबाट जग्गा माग भई आएकाले मन्थली नगरपालिकाको वडा नं. १ मा रहेको तामाकोशी सेवा समिति भन्दा पूर्वपट्टी रहेको पर्ति जग्गा यकिन गरी अन्य संरचनाहरुलाई असर नपर्ने गरी भौतिक संरचना निर्माणका लागि प्रक्रिया पुर्याएर जग्गा उपलब्ध गराउन सहमति प्रदान गर्ने । साथै ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माणका लागि तयार भएको विस्तृत परियोजना प्रस्तावका आधारमा मन्थली नगरपालिकाबाट लगानी सहकार्यका लागि वजेट व्यवस्थापन गर्न आगामी पुस २८ गते हुने नगरसभामा प्रस्ताव पेश गर्ने ।

निर्णय नं. १३.

नेपाल अंग्रेज युद्धका वीर लडाकु मनपा ७ का रामचन्द्र प्रसाईको सम्मानका लागि मनपा ७ मुगिटारमा शालिक निर्माण गर्न लाग्ने खर्चको लागत अनुमान तयार गर्न नगरपालिकालाई निर्देशन गर्ने र लागत अनुमान अनुसारको वजेट विनियोजनका लागि नगरसभामा प्रस्ताव पेश गर्ने ।

निर्णय नं. १४.

नेपाल सरकारबाट जारी प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७८ बमोजिम तयार गरी पेश भएका कार्यक्रम र वजेट पारित गरी कार्यान्वयनका लागि नगरपालिकालाई निर्देश गर्ने ।

निर्णय नं. १५.

मन्थली नगरपालिका वडा नं. १ सानीमदौ स्थित पुर्वमा साविक सुनारपानी गा.वि.स. वडा नं. ७(झ) कि.नं. ३२८, ४५७, ४५८, ५०५ जग्गा, पश्चिममा खारखोला, उत्तरमा तारकेश्वर मन्दिर तथा मन्थली-सानिमदौ-सालु सडक र दक्षिणमा खारखोला उपल्लो कुलो रहेको करीव १२ रोपनी जग्गामा वागमति प्रदेश स्वास्थ्य मन्त्रालय अन्तरगतको जिल्ला आयुर्वेद अस्पताल भवन निर्माण गर्न सहमति प्रदानका लागि आगामी नगरसभामा प्रस्ताव पेश गर्ने ।

निर्णय नं. १६.

मन्थली नगरपालकाको अल्पकालीन सेवा केन्द्र सञ्चालन कार्यविधि २०७८ शंसोधन गर्न पेश भएको शंसोधन प्रस्ताव पारित गर्ने ।

निर्णय नं. १७.

मिति २०७८ पुस २३ गतेका दिन नगरपालिकाबाट कार्य सम्पादन गर्ने सिलसिलामा वडा नं. ९ को वडा शिलिंगमा विनियोजित वजेटबाट प्रस्तावित कार्यक्रमको कार्यदिश दिने सन्दर्भमा ९ नं. वडाका वडा अध्यक्षबाट भएको कर्मचारी माथिको अमर्यादित क्रियाकलापप्रति दु:ख व्यक्त गर्दै यस्ता क्रियाकलाप दोहोरिन नदिन सम्बद्ध सबै पक्ष सजग रहने निर्णय गरियो ।

निर्णय नं. १८.

मन्थली नगरपालिकाका सार्वजनिकस्थल तथा खोला नदी किनारमा २०७८ श्रावण १ गते भन्दा अगाडि भण्डारण गरिएका नदीजन्य पदार्थ जफत गरी लिलामी गर्न नगरपालिकालाई निर्देशन दिने साथै मन्थली रोडा ढुंगा उद्योगमा भण्डारण गरिएको नदीजन्य पदार्थको भण्डारको श्रोतको खोजी गरी श्रोत खुलेका सामग्रीको बिक्री वितरणका लागि अनुमति दिने र श्रोत नखुलेका नदीजन्य पदार्थ जफत गरी लिलामी प्रक्रिया शुरु गर्न नगरपालिकालाई निर्देशन दिने ।

निर्णय नं. १८.

संस्थागत स्वमूल्याङ्कन सूचकांक २०७७ मा आधारित रहेर ५४ औं कार्यपालिका वैठकमा भएको वृहत छलफल पश्चात यस नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को गरिएको संस्थागत स्वमूल्याङ्कनबाट प्राप्त प्रारम्भिक नतिजा अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने र उपलब्धी प्राप्तीमा सहयोग पुर्याउने सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीलाई धन्यवाद दिने । कार्य सम्पादन राम्रो भएर पनि अभिलेख व्यवस्थापनमा पर्याप्त ध्यान दिन नसक्दा अपेक्षित रुपमा नतिजा सन्तोषजनक हुन नसकेकाले चालु आ.व. देखि दस्तावेजीकरण र अभिलेख व्यवस्थापनमा विशेष ध्यान पुर्याउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। साथै गत वर्षको प्राप्त भएको कुल प्राप्त अंक ६९.०० लाई सन्तोषजनक उपलब्धीका रुपमा लिई थप सुधारका लागि कार्य प्रक्रिया अगाडि बढाउने प्रतिबध्दता जाहेर गर्ने।